नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

सानोठिमी, भक्तपुर

पत्र संख्याः २०८०/८१
च.नं. :

मितिः२०८०/१२/१०
११४४ चिल्लाथ्व, १३ शनिवार

## माध्यमिक शिक्षा परीक्षा (SEE) सम्बन्धमा जारी अपिल !

२०८० साल चैत्र १५ गते बिहीबारदेखि शुरु हुने २०८० सालको माध्यमिक शिक्षा परीक्षा (SEE) मा सामुदायिक र संस्थागत गरी जम्मा १०८०६ ओटा विद्यालयहरूबाट जम्मा ५,०४,४१४ (छात्रा-२,५०,७७२ र छात्र-२,५३,६२७, अन्य-१५) परीक्षार्थीहरू २०६४ परीक्षा केन्द्रबाट परीक्षामा सहभागी हुँदैछन् । कुल परीक्षार्थीहरूमध्ये ५०६ विद्यालयका १५,७४९ जना परीक्षार्थीहरू प्राविधिक धार तर्फका हुनेछन् । परीक्षामा केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, सहायक/सहयोगी कर्मचारी र सुरक्षाकर्मी समेत गरी जम्मा ७७,५०५जना जनशक्ति प्रत्यक्ष रुपमा परीक्षा केन्द्रमा खटिनेछन् ।

माध्यमिक शिक्षा परीक्षा(SEE)लाई व्यवस्थित, मर्यादित, निष्पक्ष, भयरहित र शान्तिपूर्ण वातावरणमा सञ्चालन गर्न सातओटै प्रदेशका प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको समन्वयमा ७७ ओटै जिल्ला परीक्षा समन्वय समितिहरूबाट परीक्षामा खटिने केन्द्राध्यक्ष लगायतका जनशक्तिलाई अभिमुखीकरण गर्ने कार्य सम्पन्न गरी प्रश्नपत्र, उत्तरपुस्तिका लगायत परीक्षासँग सम्बन्धित सामग्रीहरू नजिकैको सुरक्षा निकाय र परीक्षा केन्द्रमा पुऱ्याउने जस्ता तयारी सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न भइसकेको छ ।

यस बर्षको माध्यमिक शिक्षा परीक्षा (SEE) माध्यमिक शिक्षा पाठ्यक्रम २०७८ अनुसार सञ्चालन हुने पहिलो परीक्षा भएकाले आम सरोकारवालाहरूमा परीक्षासम्बन्धमा थप चासो रहनु स्वभाविक हो । परीक्षा एउटा नियमित प्रक्रिया भएको र विद्यार्थीहरू यस प्रकारका धेरै परीक्षाहरूमा सहभागी भई यहाँसम्म आइपुगेको हुँदा सदा जस्तै यो पटक पनि परीक्षा सहज रुपमा सम्पन्न हुने कुरामा राष्ट्रिय परीक्षा बोर्ड विश्वस्त छ ।

राष्ट्रिय परीक्षा बोर्डद्वारा सञ्चालन हुने उक्त परीक्षालाई स्वच्छ, व्यवस्थित, मर्यादित, भयरहित र शान्तिपूर्ण वातावरणमा सञ्चालन गर्न गराउन परीक्षासँग प्रत्यक्ष र परोक्ष रुपमा संलग्न सबै सरोकारवालाहरूबाट भएको समन्वयात्मक प्रयासहरूप्रति हार्दिक आभार व्यक्त गर्दै परीक्षा सम्पन्न नहुँदासम्म आवश्यक सहयोग र समन्वयका लागि हार्दिक आव्हान गर्दछु । साथै सम्पूर्ण परीक्षार्थीहरूलाई बिना सङ्कोच उच्च मनोबल र निर्भयका साथ उक्त परीक्षामा सहभागी हुन हार्दिक अपिल गर्दछु ।

..................
डा. महाश्रम शर्मा
अध्यक्ष